☎०८८-५२०००८

कर्णाली प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय

# डिभिजन वन कार्यालय

## प्रस्ताव आव्हान सम्बन्धी सार्वजनिक सूचना

**दोस्रो पटक प्रकाशित मिति: २०८१/०१/१३ गते**

वनगाड कुपिण्डे न.पा. अर्न्तगत तपशिलको वडामा रहने गरि वन पैदावारमा आधारित उद्योग, भण्डारण गृह स्थापना विरुवा उत्पादन लगायतका कार्यक्रम गरि विपन्न तथा पिछडिएका घरधुरीहरुको गरिवी न्युनीकरणमा योगदान पुर्‍याउने अभिप्रायका साथ ईच्छुक उद्यमी,उपभोक्ता समुह/समिति, संघ/संस्था, कृषक समूहहरुले तपशिलमा उल्लेखित कार्यक्रमका लागी प्रस्ताव सहित माग गरिएका कागजातहरु संलग्न गरी यस कार्यालयमा १५ (पन्ध्र) दिनको कार्यालय समय भित्र प्रस्ताव दर्ता गर्नु हुन सार्वजनिक सूचना प्रकाशित गरिएकोमा उक्त अवधि भित्र यस कार्यालयमा परेका प्रस्तावहरु मिति २०८१।०१।१२ गते साक्षिहरुको रोहवरमा खोली हेर्दा रित पुर्वक रहेको नपाईएकाले पुन यस कार्यालयबाट ७ (सात) दिनको प्रस्ताव आह्वान सम्बन्धि सार्वजनिक सुचना प्रकाशन गरिएको छ ।

प्रस्तावको ढाँचा कार्यालय समय भित्र यस कार्यालय र कार्यालयको वेवसाइट www.dfosalyankarnali.gov.np बाट प्राप्त गर्न सकिनेछ । प्रस्तावको मूल्यांकन विश्लेषण तथा छनौट सम्बन्धी विस्तृत विवरण EBA- II कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० बमोजिम हुनेछ । रीत नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु उपर कुनै कारवाही नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपशिल**

| सि.नं | कार्यक्रमको नाम | प्याकेज | कार्यक्रम लागु हुने स्थान | कैफियत |
|---|---|---|---|---|
| १ | टिमुर ग्रेडिङ्ग मेसिन तथा वजारिकणमा सहयोग | (२) दुई | व.कु.न.पा. ५ नाथेखोला र व.कु.न.पा. ६ सुनौलीवजार आसपास | |
| २ | जडिबुटि भण्डारण गृह स्थापना | (१) एक | व.कु.न.पा. ६ सुनौली वजार आसपास | |
| ३ | जडिबुटि सुकाउने (Solar Dryer) सहयोग | (१) एक | व.कु.न.पा. ६ सुनौली वजार आसपास | |
| ४ | जडिबुटि शिल प्याकेजिङ्ग ब्राण्डिङ्ग, व्यवसायिकरण र वजारिकणमा सहयोग | (१) एक | व.कु.न.पा. ५ नाथेखोला आसपास | |
| ५ | जडिबुटि/गैरकाष्ठ विरुवा उत्पादनमा सहयोग | हजारमा | व.कु.न.पा. १ आसपास | |

**संलग्न हुनुपर्ने कागजातहरु :**

१) समूह/संस्था दर्ता प्रमाण पत्र/स्थायी लेखा नं. दर्ता प्रमाण पत्र
२) समुह/संस्थाको लेखा परिक्षण प्रतिवेदन
३) कर चुक्ता प्रमाण पत्र
४) उद्योग स्थापना हुने जग्गाको जग्गाधनी पुर्जा
५) अन्तिम तिरो तिरेको रसिद
६) समुह/संस्थाको वैठकको निर्णय
७) सम्बन्धित वडा कार्यालयको सिफारिस

**प्रस्ताव बुझाउने ठेगाना**
डिभिजन वन कार्यालय, सल्यान
कर्णाली प्रदेश नेपाल
फोन नं: ०८८-५२०००८

Scanned with CamScanner